# शंखरापुर सन्देश

*शंखरापुर नगरपालिकाको बुलेटिन*
*वार्षिक अङ्क*

वर्ष : १ | अङ्क : २ | नेपाल संवतः ११४२ | २०७८-साउन-कार्तिक | पृष्ठ संख्याः १२


# सम्पादकीयः

## सन्दर्भ एक, सूचना अनेक

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधीहरूको बहाली पश्चात शंखरापुर नगरपालिकाको संस्थागत कार्यसंस्कृति र सेवा प्रवाहमा फरकपन आएको छ। कुशल र सक्षम नेतृत्वको अगुवाईमा निर्वाचित वडा प्रतिनिधिहरूसँगको आपसी समन्वय र सहकार्यमा संस्थागत संरचनामा आवद्ध शाखागत जनशक्तीहरूको गतिशील कार्यशैलीको फलस्वरूप सेवाग्राही मैत्री वातावरणमा अपेक्षित उपलब्धिहरू हासिल गर्न नगरपालिका सफल भएको छ। "नगरवासीको सन्तुष्टी, परिणामले गर्छ पुष्टी" भन्ने अभिव्यक्त भावलाई आवधिकरूपमा सम्पन्न प्रगति समीक्षा गोष्ठीमा प्रस्तुत तथ्यहरूले स्पष्ट गरेको छ। संघीयताको मूलमर्म नै स्थानीय जनप्रतिनिधिहरूको नेतृत्वमा आम नागरिकले राज्य प्रदत्त सेवा सुविधा र अवसरहरू आफ्नै घरआगंनमा सहज र सुलभरूपमा प्राप्त गर्नु हो। सोही अनुरूप आफ्ना नगरवासीहरूको न्यूनतम आधारभूत आवश्यकताहरू जस्तै : गास, वास, कपास तथा शिक्षा र स्वास्थ्यको क्षेत्रमा विशेष प्राथमिकता दिई जीवनस्तरमा क्रमिक सुधारका लागि नगरपालिका संस्थागत संरचना र नगरवासीको सेवा सुविधा केन्द्रित भौतिक र अन्य पूर्वाधारको विकासमा निरन्तर क्रियाशिल रहेको छ। "प्रकृति र संस्कृति हाम्रा सम्पत्ति हुन" भन्ने मान्यतालाई सार्थक बनाउन शंखरापुर नगरवासीको गौरवको रूपमा स्थापित ऐतिहासिक र धार्मिक धरोहर तथा स्थापित रैथाने ज्ञान, सीप र प्रविधिको संरक्षण र प्रवर्धनसँगै स्थानीय संस्कृति र सम्पदालाई दिगो आर्थिक उन्नयनको लागि पर्यटकीय गन्तव्य बनाई आन्तरिक र वाह्य स्रोतहरूको सङ्कलन र परिचालन गर्नु आजको आवश्यकता हो भन्ने सोचलाई अत्मसात गरी समग्र नगरपालिकाको नेतृत्व र नगरपालिका परिवार अग्रसर रहेको छ जसको ज्वलन्त उदाहरणको रूपमा निर्वाचित नेतृत्वबाट प्राप्त निर्देशन एवं प्रेरणामा विभिन्न शाखाबाट प्रस्तुत गरेका सम्पन्न कार्यक्रम र त्यसको प्रगति स्थिति र प्रस्तावित भावी कार्यदिशालाई लिन सकिन्छ। भनिन्छ "जहाँ सोच, तहाँ स्रोत" त्यसको सार्थक उपयोगका लागि "योजना साथमा सफलता हातमा" भन्ने मान्यतालाई मूर्तरूप दिनका लागि आमनगरवासीको प्रतिनिधिमूलक संस्था वा निकायहरूको समुपस्थितिमा नीति तथा कार्यक्रमको समीक्षा गर्नु र उक्त कार्यक्रममा अभिव्यक्त रचनात्मक सुझावहरूलाई सम्मान गर्नु प्रजातन्त्रिक संस्कारको कडी हो। अतः विगत वर्षको कार्यप्रगति स्थितिको जगमा विशेषगरी आ. व. २०७७/७८ मा सम्पन्न कार्यक्रम तथा प्रगतिका परिदृश्यहरू आम नगरवासी र अन्य सरोकारवालाहरूको बीचमा सूचना प्रवाह एवम् जानकारी गराउने हेतुले यो सामग्री प्रकाशन गरिएको हो।

यस प्रकाशित सामग्रीमा विशेषतः नगरपालिकाको संक्षिप्त चिनारी र समग्र कार्य प्रगति प्रतिवेदनको झलक सहित शाखागत कार्यक्रम तथा प्रगति स्थितिलाई तथ्याङ्कीय र तथ्यगतरूपमा लिपिवद्ध गरिएको छ। यसको अतिरिक्त व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा र न्यायिक समितिवाट सम्पादित कार्यहरूलाई प्राथमिकता दिई नगरवासीहरू बीच कर के, किन / कसरी भन्ने पक्षलाई सुसुचित गर्ने प्रयास गर्दै विगत पाँच वर्षको तुलनात्मक आर्थिक विवरण प्रस्तुत गरिएको छ। उक्त उल्लेखित तथ्य र सूचनाहरू, आफैमा आर्थिक पारदर्शिता र संस्थागत सुशासनका महत्वपूर्ण पक्षहरू मात्र नभई संस्थागत विश्वासको आधार स्तम्भहरू हुन।

अन्तमा यो सामग्री, सम्पूर्ण नगरवासीहरू र सम्वद्ध पाठकवर्ग बीच सूचना प्रवाह गर्नमा सहयोगी हुनेछ। यद्यपि यो आफैमा पूर्ण छैन र हुदैन पनि। अतः रचनात्मक सुझाव र आवश्यक पृष्ठपोषणका लागि शंखरापुर नगरपालिका यहाँहरूको सदैव स्वागत गर्दछ।





## यस भित्र


| विषय | पृष्ठ |
|---|---|
| शंखरापुर नगरपालिकाको संक्षिप्त चिनारी | २ |
| शंखरापुर नगरपालिकाका विभिन्न शाखाबाट...... | २ |
| शिक्षा, युवा तथा खेलकुद सम्बन्धी | २ |
| महिला बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी | २ |
| प्रशासन सम्बन्धी | ३ |
| पुनर्निमार्ण सम्बन्धी | ३ |
| कृषि सम्बन्धी | ३ |
| पशुपंक्षी सम्बन्धी | ३ |
| आर्थिक प्रशासन सम्बन्धी | ३ |
| न्यायीक समितिको सचिवालय सम्बन्धी | ३ |
| सहकारी सम्बन्धी | ३ |
| योजना तथा अनुगमन सम्बन्धी | ४ |
| स्वास्थ्य सम्बन्धी | ४ |
| भौतिक पूर्वाधार सम्बन्धी | ५ |
| सामाजिक सुरक्षा भत्ता सम्बन्धी | ६ |
| व्यक्तिगत घटना दर्ता सम्बन्धी | ६ |
| कर सम्बन्धी जानकारी | ७ |
| तरकारी बाली सम्बन्धी जानकारी | ९ |
| सुशासनको सम्बन्धमा बुझाई | १० |

## शंखरापुर नगरपालिकाको संक्षिप्त चिनारी

| क्र.सं | विवरण | क्र.सं. | विवरण |
|---|---|---|---|
| १. | भौगोलिक अवस्थितिः 27° 42'55" र 27° 47' 32" उत्तरी अक्षांश and 85° 25' 51" to 85° 34' 06" मध्य पूर्वी देशान्तर | ८. | शिक्षक संख्या (सामुदायिक तर्फ): २१३ |
| २. | जनसंख्याः म. १३५६९ पूः १३६३३ जम्माः २७२०२ २०७५ को नगर प्रोफाइल बमोजिम | ९. | विद्यार्थी संख्याः ६०३३<br>सामुदायिक तर्फः ३४१८<br>संस्थागत तर्फः २६१५ |
| ३. | घरधुरी संख्याः ५६०७ | १०. | प्रमुख जातजातीः तामाङ, नेवार, ब्राहम्ण, क्षेत्री, मगर आदि । |
| ४. | क्षेत्रफलः ६०.२१ वर्ग कि मि | ११. | धार्मिक/पर्यटकीय स्थलः शालीनदी, बज्रयोगिनी, मणिचुड, कुण्डेश्वर, जहरसिंह पौवा, कात्तिके देउराली झुले आदि । |
| ५. | सारक्षरताः ९६% | १२. | जात्रापर्वः स्वस्थानी मेला बज्रयोगिनी जात्रा ल्होछार गणेश इन्द्रायणी ब्रम्हायणी जात्रा मणिचुड जात्रा आदि । |
| ६. | वडा संख्याः ९ | १३. | प्रमुख पेशाः कृषि |
| ७. | विद्यालय संख्याः ३४ ओटा<br>सामुदायिकः २३ ओटा<br>संस्थागतः ११ ओटा<br>क्याम्पसः २ ओटा | १४. | स्वास्थ्य संस्थाः ९ |

## शंखरापुर नगरपालिकाका विभिन्न शाखाबाट आ.व. २०७७/०७८ मा सम्पादित क्रियाकलापहरू

### शिक्षा, युवा तथा खेलकुद सम्बन्धीः

- प्रगति प्रतिशत -९० (एकीकृत वित्तीय प्रगति)
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र कार्यान्वयन
- शिक्षक दरवन्दी मिलान एवम् समायोजन
- शिक्षकहरूको मासिक तलव व्यक्तिगत खातामा निकासा
- नमूना विद्यालयको स्थापना र विकास लागि थालनी
- शंखरापुर गाथाको विकास र तयारी
- भाग्योदय क्याम्पसः सञ्चालन र व्यवस्थापकीय जिम्मेवारी
- अनलाईन पद्धतिबाट आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन
- सवै सामुदायिक विद्यालयमा ईन्टरनेट सुविधाको पहुंच
- विद्यालयतहमा खेलकूद विकास र प्रवर्धनको थालनी
- अनलाईन प्रविधिवाट शिक्षक छनौट प्रकिया थालनी
- विद्यालयमा आयआर्जन कार्यक्रमको थालनी
- उत्कृष्ट शिक्षक र उत्कृष्ट विद्यार्थी सम्मान एवम् प्रोत्साहन
- युवा लक्षित कार्यक्रम थालनी
- युवा प्रतिभा एवं सिर्जना पहिचान
- युवा परामर्श र युवा उद्यम कार्यक्रम
- शिक्षकहरूका लागि सूचना तथा प्रविधि सम्बन्धी न्यूनतम ज्ञान र सीप विकास तालिम तथा शिक्षण सिकाईका लागि योग अभ्यास कार्यक्रमको थालनी
- साक्षर शंखरापुर नगरपालिका घोषणा

### महिला, बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धीः

- ६२४ जना महिलाहरूको उपस्थितिमा महिला दिवस कार्यक्रमको सञ्चालन मार्फत महिलाहरूलाई उद्यमि बन्नको प्रोत्साहन गरेको, लोक संस्कृतिको संरक्षण र संबर्द्धन गरिएको
- ४३ जना अपाङ्ग बालबालिकाहरूलाई आवश्यक अनुसारको औषधी उपलब्ध गराइएको
- जेष्ठ नागरिकहरू सम्बन्धी कानुनी व्यवस्था, अधिकार तथा विभिन्न रोग सम्बन्धी सचेतना मुलक कार्यक्रम सञ्चालन गरी स्याहार कर्तालाई समेत जिम्मेवारी बोध गराइएको
- १६४ जना जेष्ठ नागरिकहरूलाई इच्छा अनुसार तिर्थ स्थल दर्शन गराइएको
- नेतृत्व विकास तालिमको माध्यमबाट महिलाहरूको क्षमतामा विकास गरिएको
- मनोसामाजिक विमर्श सेवा उपलब्ध गराएको
- लैंगिक हिंसा न्यूनिकरणको लागि महिला पुरुष समविकास तालिम सञ्चालन गरिएको
- मानव वेचविखन तथा ओसारपसार सम्बन्धी कानुनहरूको जानकारी गराइएको
- विभिन्न संघ संस्थाको अनुगमनद्वारा संस्थाहरूको तोकिएका मापदण्ड पुरा गर्न सुझाव दिइएको
- संस्था / समितिका पदाधिकारीहरूलाई लेखापालन तालिम स्रेस्ता व्यवस्थापनमा सहयोग पुगेको
- समुह सदस्यको अनुशिक्षणद्वारा समुहमा आवद्धता बढेको
- सासु बुहारी अन्तरकर्या कार्यक्रम सञ्चालन गरी सासु बुहारीको सम्बन्धमा मेलमिलाप तथा सुधार भएको
- ९ वटा वडाहरूमा रहेका महिला , बालबालिका, अपाङ्ग , जेष्ठ नागरिक तथा यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको तथ्याङ्क सङ्कलन गरिएको
- १४१७ जनालाई जेष्ठ नागरिक परिचय पत्र वितरण
- ७१ जनालाई अपाङगता परिचय पत्र वितरण

## प्रशासन सम्बन्धी:

- जनशक्ति व्यवस्थापन

तालिका नं १: जनशक्ति सम्बन्धी विवरण

| कुल दरबन्दी | | अधिकृत स्तर | सहायक स्तर | स्थायी | करार | फाजिल |
|---|---|---|---|---|---|---|
| नगर | ७६ | २७ | ४९ | ३७ | ३४ | |
| वडा | ३६ | ० | ३६ | १८ | १८ | |
| स्वा.चौ. र नगर अस्पताल | ४६ | १२ | ३४ | ४२ | ९ | ५ जना |
| आ.स्वा.चौ. | ९ | ० | ९ | ० | ८ | |
| जम्मा | १६७ | ३९ | १२८ | ९८ | ६९ | |

- वार्षिक तथा अर्ध वार्षिक समीक्षा
- सार्वजनिक सुनुवाई
- दैनिक प्रशासनिक कार्यहरू
- नगर सभा तथा कार्यपालिका बैठक सञ्चालन
- जनप्रतिनिधि तथा कर्मचारीहरूलाई क्षमता विकास तालिम सञ्चालन
- विविध बैठक सञ्चालन
- कार्यसम्पादन मूल्याङ्कन

## पुनर्निर्माण सम्बन्धी

- जम्मा लाभग्राही ५८७९
- प्रथम किस्ता लिएर भवन निर्माण गर्नेको संख्या:४०५१
- प्रथम किस्ता स्वीकृत संख्या-३९८७
- दोस्रो किस्ता स्वीकृत संख्या-३६००
- तेस्रो किस्ता स्वीकृत संस्खा-२२५०
- पुनर्निर्माण अन्तर्गत भवन निर्माण सम्पन्न संख्या-३४७५
- कुल प्रगति प्रतिशत-७०

## कृषि सम्बन्धी

- किसान संख्या- ३५२०
- १६२ वटा समुह गठन तथा व्यक्तिगत फर्म दर्ता भएको
- प्लास्टिक टनेल ३०७ वटा वितरण गरिएको
- स्प्रेयर ६० वटा वितरण गरिएको
- कोदो चुटने थ्रेसर ३ वटा वितरण गरिएको
- मल्टी क्रप थ्रेसर ५ वटा वितरण गरिएको
- ब्रस कटर ३ वटा वितरण गरिएको
- धान रोप्ने मेसिन १ वटा वितरण गरिएको
- कम्बाईनल कर्न सेलर १ वटा वितरण गरिएको
- मिनि टेलर ३२ वटा वितरण गरिएको
- कम्पोस्ट मल १२७००के.जी. वितरण गरिएको
- मौरी सहित घार १५० वटा वितरण गरिएको
- माटो जाच्ने टुल १ वटा खरीद गरिसकेको
- ७ दिन व्यवसायीक तरकारी खेती तालिम सञ्चालन गरी ५४ जना कृषक सहभागी भएको
- मिनि हाईटेक प्रविधि २ वटा ७५ प्रतिशत अनुदानमा वितरण गरिएको
- ३२०० के.जी. नको विउ वितरण गरिएको
- जम्मा वित्तीय प्रगति ७० प्रतिशत

## पशुपंक्षी सम्बन्धी

- व्यवसायिक बाखा पालन ३ दिने तालिम
- व्यवसायिक गाई पालन ३ दिने तालिम
- पशु स्वास्थ्य शिविर संञ्चालन
- ५० प्रतिशत अनुदान १० वटा वोयर जातको वोका वितरण
- विपन्न कृषक परिवारलाई ३००० वटा हुर्केको लोकल कुखुरा चल्ला वितरण
- १६५० किलो हिउँदे घाँस विउ वितरण
- ३४०० वर्ष घाँस सेट्स/विरूवा वितरण

## आर्थिक प्रशासन सम्बन्धी:

| बजेटको किसिम | जम्मा विनियोजना | विनियोजना प्रतिशत | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| चालु | ४४,७१,३६,०००.०० | ४२.७२ | ३०७२३२४३१.७४ | ६८.७ |
| पुँजीगत | ५९,९४,६०,०००.०० | ५७.२७ | ३५२१०८५०५.७८ | ५८.७४ |
| जम्मा | १०४६५९६००० | १०० | ६५९३४०९३७.५३ | ६२.९३ |

## न्यायीक समितिको सचिवालय सम्बन्धी

| क.स. | विवादहरू | दर्ता भएका संख्या | फरफारक भएका संख्या | बाँकी संख्या |
|---|---|---|---|---|
| १ | जग्गा विवाद | २० | १२ | ८ |
| ३ | बाटो सम्बन्धी विवाद | ४ | २ | २ |
| ४ | जन्मदर्ता विवाह दर्ता सम्बन्धी विवाद | ३ | २ | १ |
| ५ | भाडा असुली | २ | १ | १ |
| ६ | रकम हिनामिना | ८ | ४ | ४ |
| ७ | अन्य विवाद | १ | | १ |
| | जम्मा | ३९ | २१ | १८ |

## सहकारी सम्बन्धी

| क्र.सं. | सहकारी वर्गिकरण | सहकारी संख्या |
|---|---|---|
| १. | बचत तथा ऋण सहकारी | ३१ |
| २. | कृषि सहकारी | २० |
| ३. | बहुउद्देश्यीय सहकारी | ४ |
| ४. | दुग्ध सहकारी | १४ |
| ५. | शिपमुलक महिला बचत तथा ऋण सहकारी | २ |
| ६. | कृषि बहुउद्देश्यीय सहकारी | १ |
| ७. | सामुदायिक सहकारी | १ |
| ८. | जडिबुटि सहकारी | १ |
| ९. | महिला बचत तथा ऋण सहकारी | ५ |
| १०. | जम्मा सहकारी संख्या | ७९ |

## योजना तथा अनुगमन सम्बन्धीः

- नगर योजना कार्यान्वयन सम्बन्धी विवरण

तालिका नं २ : आ.व. २०७७/०७८ को योजना कार्यान्वयन सम्बन्धी विवरण

| क्र.सं. | योजनाको विवरण | कुल योजना संख्या | विनियोजित रकम रु हजारमा | काम भएका योजना संख्या | रकम रु हजारमा |
|---|---|---|---|---|---|
| १ | नगरस्तरीय | ४८६ | ५११३९४ | ३३४ | ४२४८१९ |
| २ | नगर भैपरि | ३४ | ८००० | ३० | ७४०५ |
| ३ | मर्मत संभार कोष | १७ | ४००० | १४ | ३५०० |
| ४ | वडास्तरिय | १८५ | ४३२८६ | १४५ | ३४९०६ |
| ५ | संघ विशेष | १ | २०००० | १ | २०००० |
| ६ | प्रदेश विशेष | १ | ३००० | १ | ३००० |
| ७ | प्रदेश समपुरक | ३ | २९८७६ | २ | १९८९२ |
| ८ | प्रदेश सशर्त | ३ | १०००० | ३ | १०००० |
| | जम्मा | ७३० | ६३७५५६ | ५३० | ५२३५२२ |
| | संख्यात्मक रूपमा काम भएको (भौतिक) | | | ७२.६ | |

- नीति बजेट तथा कार्यक्रम तर्जुमा
- निरन्तर तथा आवधिक योजना अनुगमन

## स्वास्थ्य सम्बन्धी

| क.स | स्वास्थ्य सस्थाको नामावली | दैनिक विरामी जाँच सेवा | | नियमित खोप सेवा | सुरक्षित मातृत्व सेवा | | परिवार नियोजन सेवा | बाल रोगको एकिकृत व्यवस्थापन | म.सा.स्वा.स्व.सेविकाबाट प्रदान गरिएको सेवा | गाँउघर क्लिनिक सेवा | पोषण सेवा | क्षयरोग सेवा | कोभिड १९ विरुद्ध खोप सेवा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु | म | | गर्भ जाँच | सुत्केरी | | | | | | | पु | म |
| १ | नाङलेभारे स्वास्थ्य चौकी | ८०६ | ११२३ | ४०८ | ३० | २३ | २७१ | १२८ | ३३७३ | ३१९ | ५२१ | ३ | ७७४ | ७७३ |
| २ | आधारभूत स्वा. सेवा केन्द्र, पटाप | ९२२ | ११३८ | १२२ | ३४ | ० | ४५ | १०६ | ३१८४ | ३०० | १४६ | ० | २२२ | २१४ |
| ३ | लप्सेफेदी स्वास्थ्य चौकी | ७७१ | ६९६ | ६०१ | १८८ | ५८ | ४३४ | ११२ | ३०९६ | ३०३ | ५०१ | ३ | ३५०० | ३०८० |
| ४ | आधारभूत स्वा. सेवा केन्द्र थाङ्गसाङ्ग | ६५२ | ७०० | ७४ | ६ | ० | १४१ | ९३ | १०४३ | १०१ | ६५ | ० | २५४ | २१८ |
| ५ | सुनटोल स्वास्थ्य चौकी | ८६४ | ११८८ | ३१६ | ३० | ० | २४५ | ५७ | १३७ | ११६ | २७७ | १ | ८२९ | ९२१ |
| ६ | पुखुलाछी हे.पो | ६९९ | १२६९ | १३०४ | ७५ | ० | १६२६ | १२ | १४३९ | ४२२ | ३१७ | ६ | ४८९ | ४२१ |
| ७ | साँखु स्वास्थ्य चौकी | ३६३९ | २०५७ | २९६ | १०० | २८ | १४३ | १४६ | ३८६४ | ३९३ | २९६ | ७ | ७६२६ | ७४११ |
| ८ | आधारभूत स्वा. सेवा केन्द्र घुमारचोक | २३३ | ५३९ | ० | ५ | ० | २८० | ७१ | १६८४ | ० | ० | ० | ६०३ | ८८६ |
| ९ | इन्द्रायणी नगर अस्पताल | १२२२ | २४२० | ३५८ | ११२ | ० | ३१३६ | ६४४ | ३०७ | ४५७ | २८६ | ६ | ४२९५ | ४०६७ |
| | जम्मा | ९८०८ | ११२३० | ३४७९ | ५८० | १०९ | ६३२१ | १३६९ | १८१२७ | २४११ | २४०० | २६ | १८५९२ | १७९९० |

*नोटः इन्द्रायणी नगर अस्पताल -एन्टीजेन्ट टेष्ट ८३३, नेगेटिभ ६३८, पोजेटिभ १२५, हस्पिटल एडमिसन ८६*
*(मिति २०७८/५/९ गतेसम्मको अस्पतालको तथ्याङ्कमा आधारित)*

## सूचना ! सूचना !! सूचना !!!

**शंखरापुर नगरपालिकाद्वारा प्रकाशित यस "शंखरापुर सन्देश" बुलेटिन बारे सल्लाह, सुझाव वा प्रतिक्रियाहरू छन् भने कृपया तलको ठेगानामा आईपुग्ने गरी पठाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।**

शंखरापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, साँखु, काठमाडौँ
फोनः ०१-४४५०३५५, ई-मेलः shankharapur.municipality@gmail.com
वेबः www.shankharapurmun.gov.np

## आ.व २०७७/७८ मा संघ, प्रदेश र नगरपालिकाबाट प्राप्त स्वास्थ्यका कार्यक्रमहरू

| क्र.स | कार्यक्रम संख्या | सम्पन्न भएको कार्यक्रम संख्या | सम्पन्न हुन नसकेको कार्यक्रमको संख्या | विनियोजित रकम | खर्च भएको रकम | खर्च हुन नसकेको रकम | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ६६ | ४४ | २२ | ३,७६,८३000।- | २,७५,५३२५५.५०।- | १,०१,२९,७४४.५०।- | ७३.११ |

- ➢ कोरोना विरूद्ध खोप
- ➢ नगर अस्पतालमा कोरोना पोजेटिभलाई आइसोलेसन तथा उपचार सेवा
- ➢ स्वास्थ्य सामाग्री, औषधि तथा उपकरण खरिद
- ➢ स्वास्थ्य संस्था सुदृढीकरणको लागि न्यूनतम सेवा मापदण्ड सुधार कार्यक्रम
- ➢ द्रुत प्रतिकार्य टोली परिचालन तथा महामारीको नियन्त्रण
- ➢ आगोले पोलिएका गरिब तथा विपन्न विरामीहरूको उपचारको लागि सुष्मा कोइराला मेमोरियल अस्पताललाई अनुदान
- ➢ पोषण कार्यक्रम
- ➢ मातृ तथा नवशिशु कार्यक्रम
- ➢ प्राथमिक उपचार सम्बन्धी अभिमुखिकरण कार्यक्रम

### पूर्वाधार सम्बन्धी

| कार्यक्रम | इकाई | इकाई | २०७५-०७६ | २०७६-०७७ | २०७७-७८ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| खानेपानी तथा ढल निर्माण | खानेपानी सेवावाट लाभान्वित घरपरिवार | घर परिवार संख्या | ३५० | ११५० | १५० | १६५० | १६.२की.मि पाइप लाइन विस्तार |
| | ढल निर्माण | मि. | १०० | ५०० | ४० | ६४० | |
| समाजिक सिँचाई | | हेक्टर | | १०१ | १५१ | ३४७ | |
| जलविधुत तथा बैकल्पिक उर्जा | उत्पादन | कि.वा | २०० | ० | ० | २०० | |
| पोखरी | | संख्या | ३ | ३ | २ | ८ | |
| नयाँ कक्षा कोठा निर्माण | | | १ | ० | ० | १ | |
| स्वास्थ्य चौकी निर्माण | | | १ | १ | १ | ३ | |
| जग्गा संरक्षण | आफ्नै स्वामित्वको | | | | | | |
| | सरकारी | | ० | | | ० | |
| | सार्वजनिक | | ० | | | ० | |
| | पर्ति | | ० | | | ० | |
| यात्रु प्रतिक्षालय | | | | २३७ | | २३७ | |
| सामुदायिक भवन निर्माण | | | ० | ३ | १ | ४ | |
| | | | ११ | ९ | २० | ४० | |

| क्र.सं. | कार्यक्रम | | इकाई | २०७४-०७५ | २०७५-०७६ | २०७६-०७७ | २०७७-७८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | सडक | कालोपत्रे / ढलान | कि.मि | १.३ | ०.९४ | ३.१९ | ३.५ | ८.६६ |
| | | ग्राभेल | कि.मि | १.३ | ७.९७ | ९.१४ | १२.५ | ३०.९१ |
| | | ट्र्याक खोल्ने | कि.मि | ३३.३ | २३ | १९.८ | १३ | ८९.१ |
| | पुल निर्माण | मोटरेवल पुल | संख्या | ० | १ | १ | ० | २ |
| | | झोलुङ्गे पुल | ० | ० | ० | १ | ० | २ |
| | | आकाशे पुल | संख्या | ० | ० | ० | ० | ० |
| | पार्क निर्माण | | संख्या | १ | ० | २ | ४ | ७ |

## सामाजिक सुरक्षा भत्ता सम्बन्धी

| लक्षित समुह | गत आ.व. बाट नविकरण भएको संख्या (१) | पहिलो चौमासिक | | | दोस्रो चौमासिक | | | तेस्रो चौमासिक | | | बार्षिक कायम संख्या | | | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नयाँ थप संख्या (२) | लगत कट्टा (३) | जम्मा कायम संख्या (क=१+२-३) | नयाँ थप संख्या (४) | लगत कट्टा (५) | जम्मा कायम संख्या (ख=क+४-५) | नयाँ थप संख्या (६) | लगत कट्टा (७) | जम्मा कायम संख्या (ग=ख+६-७) | पुरूष | महिला | अन्य | |
| जेष्ठ नागरिक भत्ता (७० बर्ष माथि) | १४१६ | ७९ | ३१ | १४६४ | ४० | ३१ | १४७३ | ३४ | ६५ | १४७३ | ५९४ | ८७९ | ० | १४७३ |
| जेष्ठ नागरिक भत्ता (दलित) | २७ | ३ | ० | ३० | २ | ० | ३२ | ० | ० | ३२ | १८ | १४ | ० | ३२ |
| जेष्ठ नागरिक एकल महिला | ३७३ | ७ | २ | ३७८ | २२ | २ | ३९८ | ७ | ७ | ४०१ | ० | ४०१ | ० | ४०१ |
| विधवा | ३८४ | ८ | २ | ३९० | १२० | ० | ५१० | १४ | १ | ५२३ | ० | ५२३ | ० | ५२३ |
| पूर्ण अपाङ्गता भत्ता | ६२ | ४ | १ | ६५ | ४ | १ | ६८ | २ | १ | ६९ | ३९ | ३० | ० | ६९ |
| अति अशक्त अपाङ्गता भत्ता | ६६ | ७ | ० | ७३ | ३ | ० | ७६ | ३ | १ | ७८ | ४९ | २९ | ० | ७८ |
| दलित बालबालिका | ६३ | ७ | ५ | ६५ | ३ | ४ | ६४ | ३ | १२ | ६१ | ३० | ३१ | ० | ६१ |
| जम्मा | २३९१ | ११५ | ४१ | २४६५ | १९४ | ३८ | २६२१ | ६३ | ८७ | २६३७ | ७३० | १९०७ | ० | २६३७ |

## व्यक्तिगत घटना दर्ता सम्बन्धी (२०७७-०१-०१ देखि २०७७-१२-३० सम्म)

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | |
| १ | ३४१ | २८४ | | ६२५ | ९१ | ६३ | | १५४ | ३ | १९८ | १२ | ३४ | १४ | ५१ | | १००६ |
| २ | २१२ | २०२ | | ४१४ | ६७ | ५० | | ११७ | २ | १२० | १ | ८ | ४ | १० | | ६५८ |
| ३ | १७३ | १८२ | | ३५५ | ७४ | ६७ | | १४१ | | १५६ | १२ | ३१ | ४ | ९ | | ६६८ |
| ४ | २१४ | २११ | | ४२५ | ७८ | ५२ | | १३० | १ | १२९ | १३ | ४५ | २ | १२ | | ७०० |
| ५ | २१५ | २१४ | | ४२९ | ८० | ५८ | | १३८ | ५ | १५० | २९ | १०८ | ५ | ३३ | | ७५६ |
| ६ | १६६ | १६३ | | ३२९ | ९८ | ५९ | | १५७ | ४ | १६३ | १७ | ४४ | १५ | ४९ | | ६८५ |
| ७ | २३० | २२५ | | ४५५ | ७९ | ६७ | | १४६ | २ | १८६ | १४ | ५६ | १६ | ६३ | | ८१९ |
| ८ | २४४ | २४२ | | ४८६ | ७८ | ६२ | | १४० | २ | १७३ | ५ | ११ | २ | ४ | | ८०८ |
| ९ | २१८ | २२९ | | ४४७ | ७५ | ५५ | | १३० | ४ | १४७ | २३ | ८३ | ३ | १२ | | ७५४ |
| जम्मा | २०१३ | १९५२ | ० | ३९६५ | ७२० | ५३३ | ० | १२५३ | २३ | १४२२ | १२६ | ४२० | ६५ | २४३ | ० | ६८५४ |

## शुभकामना

नेपालीहरूको महान साँस्कृतिक चाडहरू बडा दशैं, शुभ दिपावली तथा छठ पर्व, २०७८ का साथै नेवार समुदायको नयाँ वर्ष नेपाल सम्बत् ११४२ को पावन अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नगरवासी नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुस्वास्थ्य, दीर्घायू, सुख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।साथै, विश्वभर फैलिरहेको कोरोना महामारीलाई मध्य नजर राखी कोभिड १९ को सङ्क्रमणबाट जोगिन यथासम्भव स्वास्थ्यका सम्पूर्ण मापदण्ड पालना गरी, घरमै बसी तथा सामाजिक दुरी कायम गर्न भिडभाडमा नगई चाडपर्व हर्षोल्लासका साथ मनाउन हुन सम्पूर्ण नगरबासीमा हार्दिक अपिल गर्दछौं।

**शंखरापुर नगरपालिका परिवार**

## कर सम्बन्धी जानकारी

*सुभद्रा पुडासैनी, अधिकृत सातौं*

**पृष्ठभूमिः**

हाम्रो देशको आर्थिक सामाजिक र भौतिक पूर्वाधारहरूको विकासको लागि आवश्यक राजस्वका प्रमुख स्रोतहरू भनेका कर तथा गैरकर हुन् जसको परिचालन प्रत्येक आर्थिक वर्षको बजेट स्वीकृति पश्चात् चालु, पुँजीगत तथा वित्तीय व्यवस्था गरी तीन शीर्षकबाट हुन्छ। नेपालमा कर सम्बन्धी नकारात्मक टिप्पणीहरू सुनिरहेको हुन्छौँ।केही हदसम्म जनताको आवाज सही पनि हो।आफ्नो स्वामित्वमा रहेको सम्पति तथा आय आर्जनबाट निश्चित रकम कट्टी गरी सरकारलाई तिरेको कर तथा गैरकरको रकम सरकारले पारदर्शी तथा मितव्ययी तरिकाले परिचालन गर्नु सरकारको दायित्व हुन्छ।यसै कारण जनतालाई सरकारबाट सम्पादित हरेक क्रियाकलापहरूको बारेमा जानकारी प्राप्त गर्ने सम्बन्धी नेपालको संविधानमा मौलिक हकको रूपमा सूचनाको हकको व्यवस्था गरिएको छ ।साथै, सो हकको कार्यान्वयन गर्न सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली २०६५ को व्यवस्था गरिएको छ।तसर्थ कर तिर्नु जनताको कर्तव्य हो र आफुले तिरेको करको हिसाब माग्न पाउने अधिकार जनतामा निहित रहन्छ।यदि जनताले सरकारलाई कर नबुझाउने हो भने देशको समग्र विकास लगभग असम्भव हुन्छ ।

**कर किन तिर्ने ?**

परापूर्वकाल देखि चलि आएको जनताले र सरकारलाई विभिन्न स्वरूपले कर तिर्दै आएका छन्।जनताले सरकारलाई बुझाउने कर सम्बन्धी विभिन्न समयमा फरक फरक सिद्धान्तले मार्गनिर्देशन गरेको पाइन्छ जसलाई तपसिल बमोजिम उल्लेख गरिएको पाइन्छ।

सामाजिक करारको सिद्धान्त अनुसार जनता र सरकार बीच सामाजिक करार भएको थियो जस अनुसार जनताले सरकारलाई मत र कर दिने र सरकारले शासन गर्ने सम्झौता भएको थियो ।

प्रतिनिधित्वको सिद्धान्त अनुसार लोकतान्त्रिक शासन व्यवस्थामा कानून नबनाई कर उठाउन नपाउने हुनाले सरकारले आर्थिक ऐन तर्जुमा गरी जनतासँग कर तथा गैर कर उठाउने प्रचलन छ ।

सक्षमताको सिद्धान्त अनुसार करदाताको तिर्न सक्ने क्षमता अनुसार सरकारले कर तथा गैर कर निर्धारण तथा असुल गर्छ ।

पुनःवितरणको सिद्धान्त बमोजिम सरकारले धनी जनताबाट कर असुल गरी गरिबको संरक्षण तथा उत्थानको लागि राजस्व परिचालन गर्छ ।

पुनः मूल्य निर्धारणको सिद्धान्त बमोजिम जनतामा प्रतिकूल असर गर्ने वस्तुको उत्पादन तथा आयातमा रोक तथा नियन्त्रण गर्न त्यस्ता वस्तुको उत्पादन तथा ढुवानीमा बढी मूल्य तोक्छ ।

सुविधाको सिद्धान्त बमोजिम करदातालाई कर सङ्कलन स्थान समय र प्रक्रिया सरलीकरण गरी सुविधा दिनु पर्छ ।

समताको सिद्धान्त अनुसार सरकारले धनीलाई धेरै र गरिबलाई थोरै कर लगाउन प्रगतिशील कर लगाउनु पर्छ ।

मितव्ययीताको सिद्धान्त अनुसार कर सङ्कलन तथा परिचालन गर्दा मितव्ययितता अपनाउनु पर्छ ।

लचकताको सिद्धान्त अनुसार करका दर परिवर्तनीय हुनु पर्छ ।

**नगरपालिकाको प्रमुख करका स्रोतहरूः**

यस शंखरापुर नगरपालिकाका प्रमुख राजस्वका स्रोतहरू दुई किसिमका छन् । ती हुन् : आन्तरिक र बाह्य स्रोत जसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**१. आन्तरिक स्रोतहरूः**

| क्र.सं | करका स्रोतहरू | गैरकरका स्रोतहरू |
|---|---|---|
| १. | सम्पत्ति कर | सेवा शुल्क/दस्तुर |
| २. | घर बहाल कर | बहाल बिटौरी शुल्क |
| ३. | भूमिकर | पार्किङ शुल्क |
| ४. | मनोरञ्जन कर | नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क |
| ५. | व्यवसाय कर | मेला महोत्सव र पर्व शुल्क |
| ६. | जडिबुटी कवाडी र जीवजन्तु कर | जरिवाना |
| ७. | विज्ञापन कर | मर्मत सम्भार शुल्क |
| ८. | सवारी साधन कर | |
| ९. | खनिज जन्य सामान निकासी कर | |

२. बाह्य स्रोतहरू:

| क्र.सं | संघीय/प्रादेशिक अनुदान | राजस्व बाँडफाँट | ऋण |
|---|---|---|---|
| १. | वित्तीय समानीकरण अनुदान | मूल्य अभिवृद्धि कर | आन्तरिक ऋण |
| २. | विशेष अनुदान | अन्त शुल्क | वैदेशिक ऋण |
| ३. | सशर्त अनुदान | रोयल्टी | |
| ४. | समपुरक अनुदान | | |

तसर्थ नगरपालिकाका उल्लेखित स्रोतहरूबाट प्राप्त रकम अत्यन्त न्यून रहेको र करको दायरा वृद्धि तथा जनचेतनास्तर वृद्धि गरी प्राप्त राजस्वको पारदर्शी तथा मितव्ययी ढङ्गले परिचालन गर्नु पर्छ ।

**शंखरापुर नगरपालिकाको गत पाँच आर्थिक वर्षको तुलनात्मक आर्थिक विवरण**

| क्र.सं. | आ.व. | | | | | |
|---|---|---|---|---|---|---|
| | विवरण | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ |
| १. | कुल बजेट विनियोजन | ४७३१६२१६२ | ७२०००४०३९ | ९१९२४०००० | १०२५८४५००० | १२५२६९२००० |
| २. | चालु बजेट विनियोजन प्रतिशत | ३५ | ४४.३ | ३६.९८ | ४१.८३ | ३८.८२ |
| ३. | पुँजिगत बजेट विनियोजन प्रतिशत | ६५ | ५५.७ | ६३.०२ | ५८.०७ | ६१.१ |
| ४. | वितिय व्यवस्था विनियोजन प्रतिशत | ० | ० | ० | ०.१० | ०.०८ |
| ५. | कुल बार्षिक आम्दानी | ४३०२३२४६०.७ | ७१७३२५०५३.२ | ८५११४२५०१.७ | ९०६११४८३१ | |
| ६. | आन्तरिक आय - राजश्व बाँडफाँड समेत | १०४७८९९५ | २४४५४२२५१.६ | २११३७४२७२ | ३१३०६५०५६.५३ | |
| ७. | अनुदान आय - संघ प्रदेश र अन्य आय समेत | ३२६८७७६७९ | ३७४९५३८२६.५ | ४२५०३२३७१.७ | ६९५३३४५६५.८ | |
| ८. | गत बर्षको मौज्जाद आय | ४९४८७९८६.६६ | ५२४८८९७५ | १३५६९५८५८ | १२७६६१४७७.७ | |
| ९. | वित्तीय प्रगति प्रतिशत (अनुमानको तुलनामा) | ९०.९२ | ९९.६३ | ९२.५९ | ८८.३३ | |
| १०. | वित्तीय प्रगति प्रतिशत (अघिल्लो आ व को तुलनामा) | | १६६.७३ | | १०६.४६ | १३८.२५ |
| ११. | सामाजिक सुरक्षा | ४३३८७८०० | ४५३४०००० | | ७९९८८१३७ | |

*स्रोत: आर्थिक विकास शाखा*

यसरी माथिको तालिका बमोजिम यस नगरपालिकाको विगत पाँच वर्ष देखि आन्तरिक आय निरन्तर रूपमा बढी रहेको छातथापी सो रकम नगरपालिकाको सामाजिक आर्थिक तथा पूर्वाधार विकासको लागि पर्याप्त छैन।तसर्थ यस नगरपालिकाको विकासको गति लिन करका दर होइन दायरा बढाई आन्तरिक आय वृद्धि गर्ने उपायहरू अवलम्बन गर्न आवश्यक छ।एकातिर नगरवासीको कमजोर आर्थिक स्थिति विद्यमान छ भने अर्कातर्फ नगरपालिकामा सडक पुल भवन बजार शिक्षा स्वास्थ्य लगायतका विभिन्न क्षेत्रमा लगानीको अति नै आवश्यकता देखिन्छ। नगरपालिकाले जनताको तिर्न सक्ने क्षमता र आन्तरिक आय वृद्धिलाई सन्तुलन गर्नु आजको माग हो।सोही बमोजिम नगरपालिकाले आफ्ना गतिविधि सञ्चालन गरी तीव्र गतिमा विकास निर्माणका कार्यहरू अगाडि बढाउनु सान्दर्भिक हुन्छ ।

## वातावरण सफा राखौं, दण्ड जरिवाना बारे जानी राखौं ।

नगरवासीहरूमा बढ्दो जाडोको कारण आगो ताप्न वा अन्य कार्यको लागि खुला स्थानहरूमा प्लाष्टिकजन्य वा अन्य वस्तुहरू जलाउने कार्य नगर्न र नगराउन अनुरोध छ । यस्तो कार्य गर्नाले हावा दुषित भई स्वास्थ्यमा प्रतिकुल असर पर्न गई निमोनिया, दम जस्ता श्वासप्रश्वास सम्बन्धी रोगहरू लाग्न सक्छ । तसर्थ, यस नगर क्षेत्र भित्र जथाभावी आगो बाल्ने कार्य पूर्ण रूपमा बन्द गरौँ र गराऔँ । यदि सो कार्य गरेको वा गराईएको पाइएमा कसूर गर्ने व्यक्तिलाई आर्थिक ऐन बमोजिम रू. १०,०००/- देखि रू. २०,०००/- सम्म दण्ड र जरिवाना हुनेछ ।

## तरकारी बाली सम्बन्धी जानकारी

*सीता देवी गुरागाईं, अधिकृत छैटौं*

- तराई भित्री-मधेश तथा बेशीमा आलु लगाउने समय आउन लागेकोले खुमल उपहार खुमल उज्वल खुमल लक्ष्मी खुमल रातो २ आईपिवाई ८ कुफ्रि सिन्दुरी डेजिरे कार्डिनल मध्ये उपलब्ध जातहरूको गुणस्तरीय बीउ आवश्यक मात्रामा ८० देखि १०० के.जी. प्रति कट्ठा व्यवस्था गर्नुहोस् । उक्त क्षेत्रमा कोल्ड स्टोरमा राखिएको बीउ आलु झिकी ओभानो ठाँउमा फिजाएर टुसाउन दिनुहोस् । मकैपछि आलु लगाउने क्षेत्रमा गहिरो खनजोत गरेर माटोको उपचार गर्दा धेरै रोग कीराको व्यवस्थापन गर्न सहयोग पुग्छ र आलुबालीमा क्षति कम हुन्छ ।
- मध्यपाहडको बारी जग्गामा भदौमा लगाएको आलुबालीमा गोडमेल पश्चात ४.३५ के.जी. युरिया प्रति रोपनीका दरले टपड्रेस गर्नुहोस् ।
- आलुको पुतलीले सामान्यतया आलु भण्डारमा ज्यादा नोक्सानी गर्ने भएकोले यसको नियन्त्रणको लागि बोझोको गानोको धुलो २ ग्राम प्रति के.जी. आलुको दरले मिसाउनुहोस् वा तीतोपातीका टुक्रा आलुको तहमाथि राखिदिनुहोस् वा बीउ आलुको हकमा मालाथियन ५०% इ.सी. २ एम.एल.प्रतिलिटरको दरले पानीमा मिसाई छर्कनुहोस् ।
- मध्यपहाडी भेगमा बेमौसमी बकुल्ला सिमी लगाउन सुरू गर्नुहोस् । यो समयमा बकुल्ला सिमी लगाउनु भएमा लाही कीराको प्रकोप कमी हुने हुँदा बढी आम्दानी लिन सकिन्छ ।
- हरियो लसुन उत्पादन गर्ने भएमा लसुनको बीउ रोप्न सुरू गर्नुहोस् ।
- प्याजको सेट उत्पादनको लागि नासिक ५३ वा नासिक रेड जातका बीउ ४ अंगुलको फरकमा १ इन्च जति गहिरो लाइन कोरी ४५-५० ग्राम प्रति मिटरमा बाक्लो गरी छर्नुहोस् र फुक्का माटोले हल्का पार्नुहोस् ।साताभरिनै हल्का देखि मध्यम खालको वर्षाको संभावना भएकोले नर्सरीमा प्लाष्टिकको गुमोज बनाउनुहोस् ।
- नर्सरी राख्दा १ वित्ता (१५-२० से.मी.) अग्लो व्याड बनाई ४ अंगुलको फरकमा लाइन कोरेर पातलो गरी बीउ राखी हल्का माटोले पुरेपछी छापो राख्नुहोस् ।
- बेर्ना सारेको तरकारी बालीहरूमा रिङ्ग बनाई १०-१५ ग्राम युरिया प्रति बोटको दरले मौसमको अवस्था हेरी १५-२० दिनमा पहिलो र ३५-४० दिनमा दोस्रो टपड्रेस गर्नुहोस् ।
- २०-२५ दिन पुगेको खुमल चौडापात खुमल रातोपात मार्फा चौडापात जस्ता रायोका जातहरूको तयारी बिरूवाहरू साँझपख सार्नुहोस्।
- मिनो अर्ली र प्यूठाने रातो जातको मूला रोप्नुहोस्।
- तरकारी बालीहरूमा बोट ओलाउने रोगको व्यवस्थापनको लागि पानीको निकासको उचित प्रवन्ध मिलाउनुहोस्।रोगी बोटहरू हटाउनुहोस्।बेर्ना सार्ने बेलामा बोट वरिपरि पानी नजम्ने गरी सार्नुहोस्।प्रकोप बढी भएमा कपर युक्त विषादी २ ग्राम प्रति लिटर पानीमा मिसाई ७-१० दिनको फरकमा २-३ पटक जरा र वरिपरिको माटो भिज्नेगरी ड्रेन्चिङ गर्नुहोस् ।
- नर्सरी व्याडमो बेर्ना उमार्ने समयमा फेद काट्ने कीरा र बेर्ना कुहिने रोग लाग्न सक्ने भएकोले नर्सरी व्याडको नियमित निरिक्षण गर्नुहोस्।फेद काट्ने कीरा र बेर्ना कुहिने रोगको व्यवस्थापन गर्न क्लोरपाईरीफोस (Chlorpyrifos 16% EC) को ०.५ एम.एल. र कार्बनडाजिम (बेभिष्टिन) ५०% डब्लु.पि. को २ ग्राम प्रति लिटर पानीमा घोली नर्सरी ब्याडमा माटो भिज्नेगरि छर्नुहोस्।
- विभिन्न बालीहरूमा सेतो झिंगाले आर्थिक नोक्सानी गर्नुको साथै भाइरस रोगहरू पनि सार्ने हुँदा जैविक विषादी भर्टिसिलियम लेकानी २ एम.एल. प्रति लिटर पानीमा मिसाई छर्कनुहोस्।प्रकोप ज्यादा भएमा एसिटामाइप्रिड २०% एस.पि. (इक्का माजिक) १ ग्राम प्रति लिटर पानीमा घोलेर पातको पछाडिको भाग भिज्नेगरि स्प्रे गर्नहोस्।
- खुर्सानीको बोट ओइलाउने रोगको व्यवस्थापनको लागि पानीको निकासको उचित प्रवन्ध मिलाउनुहोस्। रोगी बोटहरू हटाउनुहोस्।बेर्ना सार्ने बेलामा बोट वरिपरि पानी नजम्ने गरी सार्नुहोस्।प्रकोप बढी भएमा कपरयुक्त विषादी २ ग्राम प्रति लिटर पानीमा मिसाई ७-१० दिनको फरकमा २-३ पटक जरा र वरिपरिको माटो भिज्ने गरि ड्रेन्चिङ गर्नुहोस्।
- खुर्सानीमा भाइरस रोग व्यवस्थापनको लागि भिर्कोन एच भोल १ एम.एल. प्रति लिटर पानीमा मिसाई छर्कनुहोस्।
- गोलभेडामा लाग्ने डढुवा रोगको नियमित अनुगमन गर्नुहोस्।प्रकोप कम छ भने मेनकोजेब ७५%डब्लु.पि.२.५ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्नुहोस्। प्रकोप बढी भएमा सेक्टिन (६०% डब्लु.जी.) १.५ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्नुहोस्।
- फल दिने बाली गोलभेँडा भण्टालाई अरू बाली भन्दा अलि बढी खाद्यतत्वको आवश्यकता हुने भएकोले पहिलो बाली टिपिएको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटको दरले टपड्रेस गर्नुहोस्। यस्तै गरि सुक्षम खाद्यतत्व जस्तै मल्टिप्लेक्स/ट्रिप्लेक्स/एग्रोमिन २ एम.एल. प्रति लिटर पानीमा घोलेर बोटमा स्प्रे गर्नुहोस्।
- भण्टाको डाँठ तथा फलको गबारो व्यवस्थापनको लागि गवारोको कारण ओईलाएको मुन्टा पात तथा फल टिपी करीब १ फुट गहिरो खालडमा पुर्ने वा जलाउने गर्नुहोस्। क्लोरानट्रानिलिप्रोल (कोराजेन) १८.५ इ.सि. ०.२ एम.एल. प्रति लिटर पानीमा मिसाई साँझपख छर्नुहोस्।
- अदुवा तथा बेसार रोपेको जग्गामा गानो कुहिने रोग लाग्न नदिन पानी निकासको उचित व्यवस्था गर्नुहोस्।रोगको प्रकोप ज्यादा भएमा कार्बेन्डाजिम (बेभिष्टिन) ५०% डब्लु.पी.को २-३ ग्राम प्रति लिटर पानीमा घोली जरा भिज्नेगरि छर्नुहोस्।
- मूला तथा गाँजर लगाईएको स्थानमा पानी जम्न गई कुहिने समस्या देखिन सक्ने हुनाले उचित निकासको व्यवस्थापन गर्नुहोस् । अन्य
- मनसुनको समयमा विभिन्न बालीहरूमा विषादी छर्कनै परेमा पानी नपरेको समयमा स्टिकर मिसाएर मात्र छर्कनुहोस्।
- यो समयमा खराने वा धुले ढुसी पाउडरी मिल्डयु रोग फैलने मौसम अनुकुल रहने हुँदा लहरे फलफूल तथा तरकारीबालीमा यसको प्रकोप न्यूनीकरण गर्न निम्नुसारको व्यवस्थापन विधि अपनाउनुहोस्।
- यसको जिवाणु माटो तथा बीउमा रहने र हावाबाट पनि सर्ने हुँदा घुम्तीबाली प्रणाली अपनाउनुहोस्।
- फाटफुट रोगको लक्षण देखिने बित्तिकै रोगी पाट हटाउने र माटोमा गाड्ने अथवा जलाई दिने गर्नुहोस्।
- खेतबारीको सरसफाइमा ध्यान दिनुहोस् र काँक्रो फर्सी समूहका अन्य बिरूवाहरू हटाउनुहोस्।
- रोगको संक्रमण देखिएमा क्याराथिन १.५ एम.एल. प्रति लिटरको दरले सात दिनको फरकमा २-३ पटक सम्पूर्ण पात भिज्ने गरी छर्कनुहोस् ।

*स्रोतः कृषि-मौसम सल्लाह बुलेटिन,वर्ष ७,अंक २४ ८-१४ असोज, २०७८*

## सुशासनको सम्बन्धमा बुझाई

*राममणी ढकाल, अधिकृत छैटौं*

सुशासन शब्दको शुरूवात सन् १९८९ मा विश्व बैकले सव सहारान अफ्रिकी मुलुकमा प्रदान गरिएको अनुदान अनुसार किन विकास हुन सकेन भनी अध्ययन गर्ने सिलसिलामा त्यहाँ सुशासन नभएको भनी औंल्याएवाट सुशासनको अवधारणा विकास भएको पाईन्छ । नेपालले पनि सुशासनको अवधारणालाई आत्मसाथ गरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा नियमावली, २०६५ मार्फत सुशासन कायम गर्नका लागि महत्व दिएको छ ।मुख्य रूपमा हेर्दा सुशासनका आयामहरूमा कानूनको शासन, जनसहभागीता, उत्तरदायित्व, पारदर्शिता आदीलाई लिएको पाईन्छ । देश, काल, स्थान, परिस्थिति अनुसार सुशासन सम्बन्धमा फरक फरक व्याख्या तथा विश्लेषण भएको पाईन्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने हुम्ला, मुगु, वाजुरा जस्ता विकट जिल्लामा सर्वसाधारणको लागि चामल, सिटामोल उपलब्ध गराउनु पनि सुशासनको व्याख्या भित्र पार्ने गरेको देखिन्छ भने काठमाण्डौंको हकमा फरक सूचक हुन सक्छ ।

शंखरापुर नगरपालिकाको सन्दर्भमा सुशासनलाई बुझ्नु पर्दा उपलब्ध श्रोत, साधन र अवसरको समानुपातिक वितरण भई जनताको निरन्तर समृद्धि भएको अवस्थालाई बुझ्न सकिन्छ । सुशासनको सन्दर्भमा सबै सरोकारवालाहरूको साझा वुझाई हुन नसक्नु प्रमुख समस्याको रूपमा देखिन्छ । सामान्य रूपमा वुझ्नु पर्दा सार्वजनिक निकाय/स्थानीय तहले प्रवाह गर्ने सेवा प्रवाह चाडो गर्नु मात्र सुशासन नभई प्रवाह गरिएको सेवा कानूनी दृष्टिकोणबाट हेर्दा सही छ छैन, गर्नु पर्ने प्रकृया पुरा गरिएको छ छैन, सम्पादन गरिएको कामको जवाफदेहिता/उत्तरदायित्व वहन गरिएको छ छैन तथा सम्पादन गरिएको काम पारदर्शी छ छैन भन्ने विषयलाई सबैले न्युनतम रूपमा बुझ्नु जरूरी हुन्छ ।सुशासन सरकारी कार्यालयहरूले मात्र कायम गर्नु पर्छ भन्ने अधिकांश मानिसको बुझाई रहेको देखिन्छ । जस्तोसुकै सेवा प्रवाह गर्ने जुनसुकै संघ, संस्था, पसल, महल, व्यापारी, यातायात सेवा, नीजि विद्यालय, निर्माण व्यवसायी, उपभोक्ता समिति आदी सबैले आफ्ना सेवाग्राहीलाई सुशासन दिन सक्नु पर्दछ ।सुशासन कायम गर्न ३६० डिग्री (सरोकारवाला सबै) मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ ।

सेवा प्रवाहका लागि अहोरात्र खटिने जनप्रतिनिधि तथा कर्मचारीहरूले सुशासनको विषयमा साझा बुझाई वनाउनु पूर्वआवश्यकता हो ।सो पश्चात मात्र आफ्ना जनता/सेवाग्राहीहरूलाई सुशासनको विषयमा जानकार बनाउनु उत्तम देखिन्छ । यसबाट मात्र वास्तविक रूपमा नागरिकले सुशासनको प्रत्याभूत गर्न सक्छन् ।

# सूचनामूलक सन्देश

## शंखरापुर नगरपालिकाद्वारा नगरवासीहरूलाई हार्दिक अपिल ।

- नेपालमा कोरोना संक्रमणको असर पूर्ण रूपमा समाप्त नभएको र तेस्रो लहर आउन सक्ने विज्ञहरूको सल्लाहलाई मध्यनजर गर्दै कोभिड-१९ को संक्रमण हुन नदिन आवश्यक सम्पुर्ण स्वास्थ्य मापदण्डहरू अपनाऔं ।
- जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईसराई जस्ता घटनाहरू, घटना घटेको ३५ दिन भित्रै सम्बन्धित वडा कार्यालयमा गएर घटना दर्ता गरौं ।
- बाँझो जमिनको सदुपयोग गरी उत्पादन बढाऔं ।
- बाली वीमा तथा पशु वीमा गरौं ।
- कर करले होइन रहरले तिर्ने बानी बसालौं ।
- नक्सा पास गरेर मात्र नयाँ भवन निर्माण गरौं ।भुकम्प प्रतिरोधी घर निर्माण गरी आफू र आफ्नो सन्ततीलाई भुकम्पबाट हुने क्षतीबाट जोगाऔं ।
- स्रोतबाट नै कुहिने र नकुहिने फोहोरलाई वर्गीकरण गरेर मात्र व्यवस्थापन वा निष्कासन गरौं ।
- यस नगरपालिकालाई हरित नगरको रूपमा विकसित गर्न प्रत्येक घरमा कम्तिमा २ ओटा विरूवा रोपौं तथा सार्वजनिक वनको संरक्षण गरौं ।
- नेपालको संविधानले व्यवस्था गरे बमोजिमको स्वच्छ वातावरण सम्बन्धी हकको सबैले अनुभूति गर्ने गरी सबै नगरवासीले आफ्नो बासस्थान क्षेत्र वरपर तथा सार्वजनिक स्थलहरूको वातावरण स्वच्छ र सफा राखौं ।
- मानव बेचबिखन, छुवाछुत तथा लैंगिक हिंसाको अन्त्य गर्न सबैले आफ्नो तर्फबाट सहयोग गरौं ।
- गरौं बालबालिका र शिक्षामा लगानी, घरपरिवार र समुदायमा ल्याउँ छ सुनौलो बिहानी ।

# आ.व. २०७७/०७८ का नगर गतिविधिहरू:


आइ ओ एम द्वारा सामुदायिक भवन हस्तान्तरण


कृषि यान्त्रिकिकरण सामग्रि वितरण



सासु-बुहारी बीचको २ दिने अन्तरक्रिया कार्यक्रम


लप्सेफेदी स्वास्थ्य चौकी


न्यायिक समिति इजलास


तलेजु खानेपानी


राष्ट्रिय योग दिवस


खानी तथा वासिङ्ग कम्पनीहरुको नविकरणको सन्दर्भमा अनुगमन

## सम्पूर्ण करदाताहरूमा शंखरापुर नगरपालिकाको अनुरोध

### (क) व्यवसाय दर्ता र व्यवसाय करका लागि

व्यवसाय दर्ता क-कसले गर्ने

- यस नगरपालिका भित्र व्यापार व्यवसाय गर्ने सबै प्रकारका व्यापार व्यवसायी तथा उद्योगीहरूले आफ्नो व्यवसाय अनिवार्य यस नगरपालिकामा दर्ता गराउनु पर्नेछ ।
- दर्ता कहाँ गराउने

सम्बन्धित वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालयमा गएर दर्ता गराउन सकिने ।

- दर्ता गर्दा कुन कुन कागजात चाहिन्छ

१)हालसालै खिचेको २ प्रति पासपोर्ट साइजको फोटो
२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी
३) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी
४) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा तथा बहाल सम्झौता
५) उद्योगको हकमा सँधियारको मञ्जुरीनामा
६) उद्योग वाणिज्य संघको सिफारिस पत्र

### (ख) बहाल कर सम्बन्धी

- बहाल कर कसले तिर्ने
- आफ्नो स्वामित्वमा रहेको घर तथा जग्गा बहालमा लगाए बापत घर धनि तथा जग्गा धनिले बहाल कर तिर्नु पर्नेछ ।
- सरकारी तथा सार्वजनिक जग्गामा नगरपालिकाको अनुमति लिएर निर्माण भएका संरचनाको बहाल बिटौरी कर सम्बन्धित व्यक्तिले तिर्नुपर्नेछ ।

### (ग) विज्ञापन कर सम्बन्धी

विज्ञापन कर कसले तिर्ने

- आफ्नो व्यवसाय तथा ब्राण्डको प्रचार प्रसारको लागि चोक चोकमा तथा सडक पोलमा, घरका भित्तामा पेन्टिङ तथा होडिङ बोर्ड, साइन बोर्ड आदी प्रसारजन्य सामाग्रीहरू राख्ने व्यवसाय धनि वा कम्पनि तथा फर्म सञ्चालकले तिर्नुपर्नेछ ।

### (घ) मालपोत सम्बन्धी

- मालपोत कसले तिर्ने

कुनैपनि संरचना निर्माण नभएको जग्गाको जग्गा धनिले मालपोत बुझाउनु पर्नेछ ।

### (ङ) सम्पति कर सम्बन्धी

सम्पति कर कसले तिर्ने ?

कुनै पनि जग्गामा कुनै किसिमको संरचना निर्माण भएमा सम्पतिको स्वामित्तवालाले सम्पति कर तिर्नु पर्नेछ ।

- सम्पति कर कसरी लाग्छ ?

संरचनाले चर्चेको जग्गा र पुगे सम्म सोही बाराबरको थप जग्गाको सम्पति कर र बाँकी जग्गाको मालपोत तिर्नु पर्नेछ ।

कर कहाँ बुझाउने ?

• सम्बन्धीत वडा कार्यालय तथा नगरकार्यापालिकाको कार्यालयमा (मालपोत र सम्पति कर वडा कार्यालयमा मात्र बुझाउनु पर्नेछ ।)

कर कति बुझाउने ?

• नगर सभाले पारित गरेको सालबसाली आर्थिक ऐनले तोके बमोजिमको दर र ऐनले तोकेको जरिवाना सहितको रकम बुझाउनु पर्नेछ ।

*"तपाई समयमै कर तिनुहोस कर सदुपयोगको प्रत्याभूति हामी दिलाउँछौ"*


**सल्लाहकार**
श्री सुबर्ण श्रेष्ठ
श्री शुक्र लक्ष्मी श्रेष्ठ
श्री हितमान तामाङ्ग

**सम्पादन मण्डलः**
श्री लेखनाथ न्यौपाने
श्री सुकदेव नेपाल
श्री निर्जला अधिकारी चुडाल
श्री सुभद्रा पुडासैनी
श्री राममणी ढकाल
श्री गोविन्द प्रसाद अधिकारी
श्री मिलन फुयाल
श्री सन्तोष आचार्य
श्री सुबोध थापा



**सम्पर्क**
शंखरापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, साँखु, काठमाडौं

**फोन नं.:**
०१-४४५०३५५

**इमेलः**
shankharapur.municipality@gmail.com

**वेवसाइटः**
shankharapurmun.gov.np

**फेसबुक लिङ्कः**
हेलो शंखरापुर नगर कार्यपालिकाको कार्यालय साँखु-आधिकारिक पेज
www.facebook.com/shankharapurmun


## सूचना ! सूचना !! सूचना !!!

**यस नगरपालिकाको वातावरण सफा र स्वच्छ राख्न तोकेको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्ने कार्य नगरौं/नगराऔं । यदि सो कार्य गरे/गराईएको पाइएमा कसूर गर्ने व्यक्ति/संघरसंस्थालाई कानून बमोजिम रू. ५,०००/- देखि रू. १०,०००/- सम्म जरिवाना गराईनेछ ।**